म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ५७ सोमबार १० असोज २०७९ ने. सं. ११४२ ञलगा 26 September, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**घर तथा फल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर विक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जगगा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्छ सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८५११३२८७४
९८४५०२८४३१

# हेटौंडा सिमेन्टको जग्गा बेच्ने योजना स्थगित

साझाकुरा संवाददाता

हेटौंडा, ९ असोज/ आफ्नो स्वामित्वमा रहेको जग्गा बेचेर उद्योगमा नयाँ प्लान्ट जडान गर्ने हेटौंडा सिमेन्टको योजनामा ब्रेक लागेको छ ।

वर्तमान गठबन्धन सरकारले नियुक्त गरेका महाप्रबन्धक सोमकुमार पाण्डेले जग्गा बिक्रीवापत् आएको रकमबाट उद्योगमा नयाँ प्लान्ट जडान गरी निजी क्षेत्रका उद्योगसँग प्रतिस्पर्धा गर्ने क्षमताको बनाउने खोजेका थिए ।

पछिल्लो ४ वर्षमा लगातार घाटामा चलिरहेको सरकारी स्वामित्वमा रहेको हेटौंडा उपमहानगरपालिका-९ को लामसुर स्थित उद्योगले आफ्नो खाली जग्गा बेच्ने तयारी गरेको थियो । कुनैबेला देशभर सिमेन्ट बिक्रीमा एकल राज गर्दै आएको हेटौंडा सिमेन्ट यतिबेला निजी क्षेत्रको उद्योगसँग प्रतिस्पर्धा गर्न नसकेर 'नुन खाएको कुखुरा' जस्तै झोक्राएको अवस्थामा पुगेको छ ।

निजी क्षेत्रका उद्योगले अत्याधुनिक प्लान्ट जडान गरी उत्पादन लागत घटाएर सस्तोमा सिमेन्ट बिक्री गर्दै बजारमा एकछत्र राज गरिरहेका छन् । तर, पुरानो सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट भने निजी क्षेत्रको उद्योगसँग प्रतिस्पर्धा गर्न नसकेर निरन्तर घाटामा चल्न बाध्य छ । पुराना प्लान्टका कारण उत्पादन लागत महंगो परेपछि उद्योगले निजी क्षेत्रका उद्योगसँग बजार मुल्यमा प्रतिस्पर्धा गर्न नसकेको पाण्डे बताउँछन् । हेटौंडा सिमेन्टको गुडबिलले मात्रै थोरै बजार धानेको छ । तर, विभिन्न अफर तथा आकर्षक योजनाको प्रचारले निजी क्षेत्रको सिमेन्ट बढी बिक्री भइरहेको छ । निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्न नसकेर हेटौंडा सिमेन्टको गोदाममा ३ लाख बोरा सिमेन्ट स्टक रहेको थियो ।

विगतमा भन्दा बजार माग घटेको अवस्थामा हेटौंडा



सिमेन्टले निजी क्षेत्रका उद्योगसँग प्रतिस्पर्धा गर्न जग्गा बेचेर भएपनि नयाँ प्लान्ट जडानको योजना बनाएको हो । यद्यपि, जग्गा बिक्री गरेर नयाँ प्लान्ट जडान गर्ने योजना नयाँ भने हैन । महाप्रबन्धक पाण्डेकाअनुसार २ वर्षअघि नै सञ्चालक समितिले निर्णय गरेर उद्योग तथा आपूर्ति मन्त्रालयमा जग्गा बिक्रीको सम्बन्धमा पत्राचार गरेको थियो । उक्त सिफारिस मन्त्रालयमै थन्किएको अवस्थामा महाप्रबन्धक भएर आएका पाण्डेले जग्गा बिक्रीबाट उद्योगमा नयाँ प्लान्ट जडान गर्ने योजनालाई टुंगोमा पुऱ्याउन खोजेका थिए । तर, उद्योगको योजना एकाएक स्थगित भएको छ ।

नयाँ मेसिन जडान गर्न उद्योगको केही खाली जग्गा सरकारी कार्यालयहरुलाई बेच्न सकिनेबारे मन्त्रिपरिषद्लाई जानकारी गराइएको उद्योगका महाप्रबन्धक पाण्डेले यसअघि नै जानकारी दिएका थिए । 'हामीसँग प्रयोग नभएको जमिनहरु विघौं विगाह छ । प्रदेशको राजधानी हेटौंडा भएपछि यहाँ राष्ट्र बैंकले जग्गा खोजी गरिरहेको छ । उनले भने, हाम्रो प्रयोग नभएको करिब १२ विगाह जति जमिन अर्को सरकारी निकायलाई बेच्न सक्यौं भने केही अर्ब रकम आउँछ र केही सरकारले सहयोग गर्दा नयाँ प्लान्ट जडान गर्न सकिन्छ', पाण्डेले यसअघि भनेका थिए । हाल उद्योग नियमित सञ्चालनका लागि ८० करोडदेखि १ अर्ब खर्च लाग्ने अनुमान पाण्डेको छ । उद्योगमा नयाँ प्लान्ट जडान गर्न ५ अर्बदेखि ८ अर्ब खर्च लाग्ने उनको भनाइ छ ।

उद्योग मन्त्रालयले जग्गा बिक्री गर्ने सम्बन्धमा रोक लगाएपछि हेटौंडा सिमेन्टले उक्त योजनालाई तत्काल स्थगित गरेको छ । महाप्रबन्धक पाण्डेले जग्गा बिक्री गर्ने योजना स्थगित भएको पुष्टि गरे । उनले सिमेन्ट उद्योग सञ्चालक समितिको निर्णय आगामी साधारणसभामा लैजाने भएर स्थगित हुन पुगेको दाबी गरे । तर, स्रोतकाअनुसार उद्योग मन्त्रालय नै जग्गा बिक्री गर्न इच्छुक नदेखिएकोले तत्काल उक्त योजनामा 'ब्रेक' लागेको हो । मन्त्रालयमै फाइल थन्किनु र प्रक्रिया अगाडि बढाउन मन्त्रालयकै पदाधिकारी सहमत नहुनु बारे महाप्रबन्धक पाण्डेले जवाफ दिएनन् । उनले यस विषयमा आफू नबोल्ने बताए ।

हेटौंडा सिमेन्ट उद्योगमा ४० वर्ष पुराना प्रविधि र थोत्रा मेसिनका कारण नियमित सिमेन्ट उत्पादन हुन सकेको छैन । पुरानो प्रविधिक परिवर्तन गरी उद्योगलाई नियमित सञ्चालन गर्ने योजनामा रहेका पाण्डेले रातोमाटेको जग्गा बिक्री गर्ने तयारी गरिरहेको थिए । उद्योगको रातोमाटेको जग्गा खरिद गर्न राष्ट्र बैंक इच्छुक थियो ।

एउटा सरकारी उद्योगले देशको ढुकुटीको जिम्मा लिइरहेको राष्ट्र बैंक जस्तो सरकारी निकायलाई नै जग्गा बिक्री गर्न खोज्दा मन्त्रालयले रोक लगाएकोप्रति सरोकारवालाहरुले अचम्म मानेका छन् । स्रोतका अनुसार उद्योगको जग्गा बिक्रीमा ठूलो चलखेल हुने संकेत देखिएको दाबी छ ।

पाण्डेले आफू आएदेखि नै उद्योग पटक-पटक बन्द भइरहेको बताउँदै प्रविधि नयाँ जडान गर्नुपर्ने बताउँदै आएका हुन् । हेटौंडा सिमेन्टलाई समेन्ट उत्पादन गर्ने देशभरका उद्योगमध्ये सबैभन्दा बढी गुणस्तरीय र विश्वासिलो मानिन्छ ।

गुडबिलले मात्रै टिकेको हेटौंडा सिमेन्ट बन्द हुने अवस्थामा पुगिसकेको छ । उद्योग निरन्तर चल्ने र बन्द भइरहने अवस्थाबाट गुज्रिएको उनी बताउँछन् । 'उद्योगमा नयाँ मेसिन नल्याएसम्म समस्या हट्दैन । एउटा बनाएर चलायो अर्को बिग्रिहाल्छ, कति बनाउनु जति बनाएपनि नियमित चल्न सकेन । नयाँ उपकरण ल्याएर उत्पादन थाल्नुपर्ने भएकाले सरकारसँग पहल गरिरहेको छु', पाण्डेले भने ।

उद्योगले विगत चार वर्षमा करिब ८० करोड घाटा व्यहोरेको छ । घाटासँगै उद्योग करिब २० करोड ऋणमा पनि डुबेको छ । गत आव २०७८/०७९ मा मात्रै उद्योगले करिब साढे २३ करोड घाटा व्यहोर्नु परेको महाप्रबन्धक पाण्डेले जानकारी दिए । गत आवमा एक अर्ब २२ करोड आम्दानी गरेको उद्योगले एक अर्ब ३९ करोड खर्च गरेको छ । उद्योगले आव २०७४/०७५ मा १६ करोड ३६ लाख नाफा कमाएको थियो । त्यसयता उद्योग निरन्तर घाटामा छ । आव २०७५/०७६ मा उद्योगले १ करोड ५ लाख, आव ०७६/०७७ मा २३ करोड ८२ लाख, आव ०७७/०७८ मा थप १७ करोड चार लाख नोक्सान व्यहोर्नु परेको उद्योगले जनाएको छ ।

## भीमफेदीमा सुमो दुर्घटना

साझाकुरा संवाददाता

हेटौंडा, ९ असोज/ काठमाडौंबाट हेटौंडातर्फ आउँदै गरेको टाटासुमो भीमफेदीमा दुर्घटनामा परेको छ । भीमफेदीमा बिहीवार यात्रुबाहक बस दुर्घटना भएको तीन दिन नबित्दै टाटासुमो दुर्घटनामा परेको हो ।

बिहीवार भीमफेदी गाउँपालिकाको ६ नम्बर वडास्थित जुरिखेतमा बस दुर्घटना हुँदा ७ जनाको मृत्यु भएको थियो ।

दुर्घटनाबाट घाइते भएकाहरु अझै अस्पतालमा उपचार गराइरहेका छन् । तीन दिनअघिको बस दुर्घटनाका घाइते घर फर्किन नपाउँदै आइतबार भीमफेदीको ६ नम्बर वडामै टाटासुमो दुर्घटना हुँदा १० जना घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

आइतबार दिउसो भीमफेदी गाउँपालिकाको ६ नम्बर वडास्थित सिमलटारमा टाटासुमो अनियन्त्रित भई दुर्घटना भएको हो । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक रामचन्द्र घिमिरेका अनुसार घाइतेहरुको हेटौंडा अस्पतालमा उपचार भइरहेको छ । बच्चा भएको घाइते यात्रु उपचारका लागि भरतपुर गएको जनाइएको छ ।

# हुप्रचौरस्थित डाटा सेन्टरमा आगलागी

साझाकुरा संवाददाता

हेटौंडा, ९ असोज/ हेटौंडा उपमहानगरपालिका-४, स्थित डिजास्टर रिकभरी केन्द्र (डाटा सेन्टर)मा ब्याट्री सर्ट हुँदा आगलागी भएको छ ।

सिंहदरबारको प्रशासनिक डाटा ब्याकअपको रुपमा प्रयोग गरिँदै आएको डाटा सेन्टरमा आइतबार दिउसो साढे २ बजे आगलागी भएको हो । उपमहानगरपालिकाको दुई वटा दमकल, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्रको टोलीले आगलागी नियन्त्रणमा लिएको थियो ।

आगलागी भएको करिब २ घण्टामा आगो नियन्त्रणमा लिइएको मकवानपुर प्रहरीले जानकारी दिएको छ । ब्याट्री रुममा राखिएको इन्टर्भर ब्याट्री सर्ट भएर पड्किएपछि आगलागी भएको केन्द्रका इन्जिनियर अविनाश झाले जानकारी दिए । आगलागीका कारण प्रति २ भोल्टको रुपमा सञ्चालित ४ सय ८० वटा ब्याट्रीमध्ये आधा जलेर नष्ट भएको जनाइएको छ ।

केन्द्रले आगलागीपछि डाटा रहने सिस्टम बन्द गरेको छ । केन्द्रमा सुरक्षित गरिएको डाटामा



भने कुनै क्षति नपुगेको अनुमान गरिएको छ । आगलागी भएपछि डाटाका मेसिनहरु बन्द गरेकाले थप क्षति हुन नपाएको केन्द्रको अनुमान छ । इन्जिनियर झाले छिट्टै सिस्टम सञ्चालनमा ल्याउन सकिने बताए । केन्द्रमा सिंहदरबारभित्रका प्रशासनिक निकायमा हुने सबै सिस्टमका डाटाहरुको ब्याकअपका राखिने गरिएको थियो । केन्द्रको सिस्टम सञ्चालन नभएसम्म सिंहदरबारभित्र पनि प्रशासनिक कार्यमा समस्या आउन सक्ने जनाइएको छ ।

डाटा सेन्टरमा राष्ट्रिय परिचयपत्र, मेसिन रिडेबल पासपोर्ट, ईप्रोक्युरमेन्ट, विद्युतीय हस्ताक्षर, ईकस्टमलगायत ईसेवा सञ्चालन हुन्छ । कोरियाली सरकारको सहयोगमा ३७ करोडको लगानीमा हुप्रचौरस्थित तत्कालीन नगर विकास समितिको १० कठ्ठा जग्गामा निर्माण भएको डाटा सेन्टर ३१ जेठ २०७७ बाट सञ्चालनमा ल्याइएको थियो ।

सरकारी तथा निजी क्षेत्रका महत्वपूर्ण सूचनाको सुरक्षा र तिनीहरुको व्यावसायिक विवरणमा सेन्टरले सहयोग गर्ने गरी यसको स्थापना गरिएको थियो । सिंहदरबारको डाटा सेन्टरको डाटा कुनै प्रकोपको कारण नष्ट भएमा त्यसको ब्यकअपको रुपमा सुरक्षित गर्न यो डाटा सन्टेर निर्माण गरिएको हो ।

# मदन भण्डारी फाउन्डेसनको शुभकामना आदनप्रदान



साझाकुरा संवाददाता

हेटौंडा, ९ असोज/ हेटौंडामा मदन भण्डारी फाउन्डेसन मकवानपुरको आयोजनामा हेटौंडामा चियापान तथा शुभकामना आदानप्रदान कार्यक्रम भएको छ ।

नेपालीहरुको महानचाड विजयादशमी, नेपाल संम्वत, दिपावली, छठ पर्वका अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम गरिएको हो ।

फाउण्डेसनका अध्यक्ष रघुनाथ खुलालको अध्यक्षतामा भएको कार्यक्रममा फाउन्डेसनका केन्द्रीय नेता तथा बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख आतिथ्यता थियो । कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य तथा मकवानपुर इञ्चार्ज रामेश्वर राना, जुनेली श्रेष्ठ, एमालेका बागमती प्रदेश कमिटी उपसचिव महेशकुमार बर्तौला, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलान, नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरिक्षक बामदेव गौतम, एमाले मकवानपुरका अध्यक्ष एकालाल श्रेष्ठलगायतको आतिथ्यता थियो ।

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू:**



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

विश्वविद्यालय अनुदान आयोग (UGC) बाट
अन्तर्राष्ट्रिय गुणस्तर प्राप्त
**मकवानपुर बहुमुखी क्याम्पसमा**

**स्नातक तहमा भर्ना खुल्यो**

बीबीएसमा लेखाशास्त्र, अर्थशास्त्र र बजारशास्त्र ।



बीएमा नेपाली अंग्रेजी, समाजशास्त्र, ग्रामीण विकास र पत्रकारिता ।
बीएडतर्फ नेपाली, अंग्रेजी, जनसंख्या, स्वास्थ्य, गणित र विज्ञान शिक्षा ।
बीएस्सीतर्फ भौतिकशास्त्र र जीवविज्ञान

भर्ना फारम वितरण भइरहेको छ । यथाशिघ्र फारम भरी भर्ना गर्नुहुन विद्यार्थी वर्गमा अनुरोध गरिन्छ ।

**मकवानपुर बहुमुखी क्याम्पस**
हेटौंडा-२, मकवानपुर
०५७-५२०६२०



साझाकुरा

## हाम्रो कुरा

# वडादशैं र नवरात्रि

नेपालीहरुको महान् पर्वअन्तर्गत् आज घटस्थापना । आजबाट नवरात्रिको सुरुवात भएको छ । नवरात्रको हरेक बिहान देशका सम्पूर्ण नवदुर्गा भगवतीका शक्तिपीठहरूमा श्रद्धालुहरूको भीड हुन्छ । नवरात्रमा दैनिक बिहान जमराको पूजा-पाठ गर्नुपर्छ । दशमीका दिन चामल, रातो अबिर, दही, केरा मिश्रित अक्षता टीकाले निधार भरेर जमरा ग्रहण गरी आफ्ना मान्यजनहरूबाट प्राप्त आशिषसँगै जीवनमा खुशीयाली प्राप्त गरिन्छ । आज घरघरमा जमरा राख्ने गरिन्छ । जमरा कति छर्ने भन्ने कुरा परिवारको संख्याअनुसार निर्धारण गरिन्छ । यसरी छरिने जमरालाई माटोको चतुर्भुजाकारको बिच भागमा माटो या तामाको कलश स्थापना गरेर राखिन्छ । दशमीका दिन आवश्यकता अनुसार जमरा उखेलेर टीका लगाउन चाहिए जति झिक्ने गरिन्छ । यही जमरा, टीका अनि मान्यजनको आशीर्वादले दसैंको रौनकता बढाउँछ ।

जमरा राख्ने चलन ठाउँ अनुसार फरक-फरक हुन्छ । कतै सामूहिक रूपमा दसैं-घर स्थापना गरेर, गुठीमा या शक्ति पीठ अनि मठ-मन्दिरमा जमरा राखिन्छ अथवा व्यक्तिगतरूपमा आफ्नै घरको पूजा कक्षमा या घरको अन्य कुनै सफा ठाउँमा जमरा राख्ने गरिन्छ । जमरा राख्दा त्यस्तो कोठा छनौट गरिन्छ जसमा प्रकाश राम्ररी छिर्न नपाओस् । यसरी प्रकाश नपरेका जमराका बालाहरू पहेँला हुन्छन् । घटस्थापनाबाट प्रारम्भ हुने दसैंको नवरात्रि भनेको जमराको नौ दिने जीवन र दैनिक अङ्कुरणको प्रक्रिया पनि हो । १६ औं शताब्दीका राजा महेन्द्र मल्लले निर्माण गरेको वसन्तपुर दरबार क्षेत्रमा अवस्थित तलेजु भवानी मन्दिरस्थित दसैंघरमा गोर्खाबाट ल्याइएको फूलपातीहरू फूलपातीकै दिन भित्र्याइन्छ । यसरी भित्र्याइँदै आएको फूलपातीको जमरा पनि आजैका दिन विधिपूर्वक गोर्खामा छरिने चलन रहिआएको छ । उहिले आजभोलि जस्तो यातायातको सहज सुविधा थिएन । त्यतिबेला गोर्खाबाट आबुखैरेनीसम्म हरेक एक एक किलोमिटरमा सरकारी कर्मचारीहरू उभ्याउन लगाई एउटा कर्मचारीले अर्कोलाई हस्तान्तरण गर्ने र अर्को सोहीअनुरूप अर्को एक किलोमिटरको दूरीमा भएकालाई हस्तान्तरण गरेर रीतपूर्वक फूलपातीलाई रिले दौड जस्तै गरी मानव साङ्लो निर्माण गरेर आबुखैरैनीसम्म फूलपातीलाई ल्याइन्थ्यो । आबुखैरेनीदेखि भने गाडीमा राखेर काठमाडौंसम्म ल्याइन्थ्यो । यसरी ल्याइएको जमरालाई काठमाडौंको जमलसम्म गाडीमा ल्याएर त्यसपछि तलेजु भवानीको मन्दिरमा अवस्थित दसैं घरसम्म पारम्परिक बाजागाजासहित भित्र्याउने गरिन्थ्यो । गोर्खाबाट ल्याइएको फूलपाती कुनैपनि अवस्थामा चौबीस घण्टा नबित्दै काठमाडौं ल्याइपुर्‍याउनुपर्ने मान्यतासमेत रहेको छ ।

फुलपाती भित्र्याएसंगै दशैंले उल्लासको रुप लिन्छ । देशविदेशमा भएका परिवारका सदस्य घर फर्किन्छन् । अष्टमीदेखि बली दिने, घर घरमा खसी, राँगा, कुखुरालगायत पशुपक्षि काटेर तिनका मासुका विभिन्न परिकार बनाएर खाने क्रम नवमीसम्म रहन्छ । दशमीको दिनमा टीका लगाएर मान्यजनबाट आशीर्वाद थाप्ने क्रम पूर्णिमासम्म रहन्छ । लामो समयसम्म मनाउने भएकोले पनि यो पर्वलाई महान् पर्व भनिन्छ । घटस्थापनादेखि कोजाग्रत पूर्णिमासम्म दशैंको उल्लास रहने गर्दछ । संयमित, मितव्ययी, स्वास्थ्य अनुकूल रहँदै पर्व मनाऔं । वडादशैंको सम्पूर्णमा शुभकामना ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ असोज ११ गते मंगलबार २७ सेप्टेम्बर २०२२ । आश्विन कृष्णपक्ष द्वितीया । नलगा ११४२ ने.सं. । सूर्योदय ५:५५, सूर्यास्त ५:५३ । विश्व पर्यटक दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आम्दानी बढ्नेछ | तुला | : पढाइमा प्रगति हुनेछ |
| वृष | : पितृधन लाभ हुनेछ | वृश्चिक | : उत्साहमा कमी आउनेछ |
| मिथुन | : नयाँ ज्ञान प्राप्त हुनेछ | धनु | : आफन्तबाट धोका हुनेछ |
| कर्कट | : कृषिमा हानि हुनेछ | मकर | : प्रतिष्ठित काम पाइनेछ |
| सिंह | : इनाम हात पर्नेछ | कुम्भ | : सामाजिक दायित्व बढ्नेछ |
| कन्या | : श्रम खेर जानेछ | मीन | : काममा सहयोग मिल्नेछ |

# के 'प्रेमगीत ३' प्रेम गर्न लायक छ ?





सामीप्यराज तिमल्सेना

भारतीय फिल्मको इतिहासमा बक्स अफिसमा अनेक रेकर्ड कायम गर्न सफल 'बाहुबली'को दोस्रो भागमा एउटा सन्दर्भ छ । त्यो सन्दर्भ हो, राजगद्दीको हकदार अमरेन्द्र बाहुबलीसामु राजगद्दी चुन्ने कि प्रेम चुन्ने द्विविधा ? प्रेममा हारेको बाहुबलीले राजगद्दी छाडेर प्रेम रोज्छ र कुन्तल राज्यकी राजकुमारी देवसेनालाई वरण गर्छ । तर षड्यन्त्रका अनेक तानाबाना बुनिने दरबारमा बाहुबलीको दाइ भल्लालदेवले अनेक षड्यन्त्र गर्छ र अमरेन्द्र बाहुबलीलाई आफ्नो बाटोबाट हटाउँछ । गर्भवती रहेकी देवसेनालाई मार्न खोज्छ तर देवसेना मर्दा मर्दै पनि छोरा महेन्द्र बाहुबलीलाई बचाउँछिन् र यसरी बाँचेको बाहुबलीले भल्लालदेवलाई परास्त गर्दै पिता-माताको मृत्युको बदला लिन्छ र माहिष्मतीको सम्राट् बन्न पुग्छ ।

यहाँ तेलगु फिल्म 'बाहुबली'को कथासार बताउनुको उद्देश्य हो, 'प्रेमगीत ३'को कथासार पढ्ने झन्झटबाट पाठकलाई छुटकारा दिनु । 'बाहुबली'का दुई भाग हेर्नु भएका दर्शकले 'प्रेमगीत ३'मा ती सबै कथाका अंशहरू देख्न सक्नुहुन्छ जुन 'बाहुबली'मा छन् । फरक यत्ति हो कि 'बाहुबली'मा जति भव्यता र कलात्मकताका साथ ती चिज आएका छन्, 'प्रेमगीत ३' मा त्यति नै खेलाँचीका साथ । त्यसैले 'प्रेमगीत ३'ले कमजोर नक्कलको इतिहासमा फगत एउटा संख्या थपेको छ ।

'बाहुबली'झैं 'प्रेमगीत ३' पनि दाजुभाइबीच राजगद्दी हत्याउने षड्यन्त्रको कथा हो । दुई दाजुभाइबीच एक जना प्रेममा पर्ने र कान्छो भाइले प्रेम र राजगद्दीमध्ये एक चुन्नुपर्ने परिस्थितिको कथा हो । राजनीति बुझ्न अमरेन्द्र बाहुबली कुन्तल राज्य पुगेर देवसेनासँग प्रेममा परेझैं 'प्रेमगीत ३'को प्रेम (प्रदीप खड्का) सात गाउँ घुम्ने क्रममा गीत (कृष्टिना गुरुङ) सँग प्रेममा पर्ने कथा हो । अनि भाइको ईर्ष्याले उसको वंशविनाश गर्न तल्लीन हुने भल्लालदेवझैं राजगद्दी हत्याउन अमन (मनीष राउत) ले गर्ने हत्याको शृंखलाको कथा हो । यसरी भारतीय इतिहासकै सबैभन्दा ठूलो फिल्म 'बाहुबली'को मायालाग्दो नक्कल गरी बनाइएको फिल्म हो, 'प्रेमगीत ३' । 'बाहुबली'को कथा आफैंमा मौलिक थिएन । यो फिल्मका निर्देशकले महाभारतका थुप्रै पात्र र प्रसंगलाई लिएर उच्चकोटिको सिनेमा बनाएका थिए । तर 'प्रेमगीत ३'का निर्देशकद्वय सन्तोष सेन र छेतेन गुरुङले प्रशस्त नाटकीय मोड भएको मसालेदार कथा लिएर पनि प्रस्तुति र अभिनय सँगेल्न नसक्दा फिल्म 'बोरिङ अफेयर'मा परिणत भएको छ । यसको कथामा नवीनता छैन, प्रस्तुतिमा चुस्तता छैन र पिरियड सेटिङमा डिटेलिङ छैन ।

फिल्म माताको भविष्यवाणीबाट सुरु हुन्छ । माताले जेठो छोरोले नभई राजगद्दी कान्छो छोराले पाउने घोषणा गरिदिन्छिन् । र माताका अनुसार यसमा बाधा हुन्छ, प्रेमको गीतप्रेम । अर्थात् फिल्मको अन्त्य दर्शकलाई पहिले नै थाहा हुन्छ । दर्शकलाई पहिले नै कथा बताइदिएर निर्देशकले फिल्मलाई 'प्रेडिक्टेबल' बनाएका छन् । कथामा कौतूहल नभएपछि मनाङको सुरम्य दृश्य पनि महसुस गर्न पाइन्न ।

यसपछि दुई घन्टा १० मिनेटसम्म चल्ने दृश्यहरू कुनै पनि पटकथाको बुनोटमा आउँदैनन् । लेखक/निर्देशकलाई चरित्रलाई जहाँ जे गराउनु छ त्यही त्यही गराउँदै जान्छन् । केही बेरसम्म एकदमै शक्तिशाली देखिने चरित्रहरू कथा अगाडि बढ्दै जाँदा जादुझैं गायब हुन्छन् ।

फिल्ममा कटप्पा जस्तो देखिने प्रेम पुरीले निर्वाह गरेको एउटा पात्र छ । 'बाहुबली' हेर्नेलाई सजिलै थाहा भइहाल्छ कि यो राजाको बफादार चरित्र हो । तर जब क्लाइमेक्स नजिक आइपुग्दा फिल्ममा सारा काण्ड मच्चिन्छन् यो पात्र दरबारबाट गायब हुन्छ । यसरी नै गायब हुने समस्या निर्देशक सन्तोष सेन आफैंले निर्वाह गरेको अंगद भन्ने चरित्रमा पनि छ । प्रेमको सहयोगीका रुपमा देखिने अंगदको चरित्र प्रेमलाई संकट परेको समयमा आउँछ र सहयोग गर्छ । एकपल्ट त प्रेम मर्यो होला भन्ने समयमा आउँछ र बचाउँछ तर केही समयपछि घाइते प्रेम एक्लै लडाइँमा फर्कन्छ । गोली लागेकोले मर्यो होला भन्ने अनुमान त गर्न सकिन्छ तर जसरी दुवैको मित्रता देखाइएको छ विछोडमा पनि कथाले दुवैको अन्त्य खोज्छ । पर्दामा देखिने धेरै कुराले पिरियड सेटिङलाई चुनौती दिन्छन् जसमा चरित्रको नाम पनि हो । प्रेम, गीत, अंगद उस समयका नाम लाग्दैनन् तर फिल्म लिबर्टीको नाममा यस्ता कुरालाई झिनामसिनामा मान्दा हुन्छ । तर गम्भीर फिल्ममेकर यस्ता कुरादेखि पनि सचेत हुन्छन् ।

'बाहुबली'मा झैं लेखक/निर्देशकले ईर्ष्या, प्रेम र षड्यन्त्रको तिकडीका रुपमा कथाको डिजाइन गरेका छन् । तर प्रेमबाहेक पर्दामा ईर्ष्या र षड्यन्त्रका शृंखलाहरूमा पटकथाको ध्यान पुगेको छैन । अमनको चरित्र फिल्मको अन्त्यतिर आएर हिंस्रक हुन्छ तर त्योभन्दा अघि उसको चरित्रमा त्यस्तो कुनै संकेत पाइँदैन । न त उसमा जसरी पनि राजगद्दी पाउने लोभ देखिन्छ न त भाइप्रति ईर्ष्या । लेखक/निर्देशकले संवादबाट एकैचोटि यो कुरा बताउने प्रयास गरेका छन् तर दृश्यमा हुनुपर्ने कुरामा संवादमा हुँदा अपेक्षित प्रभाव पर्दैन ।

यसैगरी कथामा सबप्लट बनेर बेलाबखत देखापर्ने षड्यन्त्र पनि उस्तै फिक्का छ । 'बाहुबली'मा कालाकेय समुदायको सुकुतुदुले माहिष्मतीसँग विद्रोह गरेको देखिन्छ । 'प्रेमगीत ३'मा पनि खजाकले आफूमाथि नियन्त्रण राखेको भन्दै डमुरी राज्यका मान्छे षड्यन्त्रमा संलग्न छन् तर उनीहरूले यसो किन गर्न लागेको भनेर विस्तृतमा बताउने एउटा दृश्य जन्माउन नसक्दा षड्यन्त्रको 'आर्क' फितलो छ । अर्को कुरा उनीहरूको षड्यन्त्रका कारणले सिनेमा क्लाइमेक्सतिर लम्किएको पनि छैन । जे हुन्छ एउटा भाइको ईर्ष्याको कारणले हुन्छ ।

पटकथाले धेरै स्पेस दिएको प्रेमकथाको भागमा परेको दृश्यहरू रोचक नै मान्नुपर्छ तर यसमा पनि चरित्र र उसले गर्ने क्रियाकलापमा तालमेल छैन । शक्तिशाली राज्यको राजकुमार जस्तो मान्छे गाउँकी एउटा सामान्य केटीको घरमा नोकरझैं काम गर्छ । न राजकुमारलाई यसको बोध छ न गाउँले केटीलाई । यस्ता दृश्यमा अभिनय गरिरहँदा प्रदीप खड्काले आफू राजकुमार भएको बिर्सिएका छन् र 'प्रेमगीत' र 'प्रेमगीत २' मा झैं चुलबुले प्रेममा रुपान्तरण भएका छन् । यो पार्ट हेरिरहँदा दर्शकलाई 'मैने प्यार किया'को सलमानको याद आउन पनि सक्छ । फिल्ममा दुवै एक अर्काविना बाँच्न नसक्ने जस्ता संवाद छन् तर तिनको निर्माण यति कमजोर छ कि न उनीहरूबीचको प्रेम महसुस हुन्छ, न विछोडले चस्स घोच्छ । फिल्ममा गीत बनेकी कृष्टिना गुरुङ र अमन बनेका मनीष राउतबाहेक फिल्ममा अभिनयका अनेक भोटो फटाएका सिद्धहस्त कलाकारको अभिनय छ । तर उनीहरूबीच अभिनय हैन, को बढी चिच्याउने भन्ने प्रतिस्पर्धा छ । छोटो भूमिकामा देखिने लक्ष्मी बर्देवादेखि कृष्टिना गुरुङसम्म पनि संवाद बोल्दैनन्, चिच्याउँछन् ।

अभिनयको कुरा गर्दा शिव श्रेष्ठले सबैभन्दा निराश बनाउँछन् । उनको संवाद बोल्ने तरिका र हाउभाउ यति बनावटी छ कि उनी पर्दामा आउँदा उच्चाट लाग्छ । प्रदीप खड्का तुलनात्मक रुपमा नियन्त्रणमा छन् तर कृष्टिना र मनीषको 'डायलग डेलिभरी' अस्वाभाविक छ । दुवैका लागि यो बिर्सन लायक डेब्यू हो ।

यो फिल्ममा केही चिजले शीतल दिन्छ भने त्यो गीत हो । एलिस कार्कीको संगीतमा प्रताप दास र प्रविशा अधिकारीको स्वर रहेको गीत 'हर युग होस्' फिल्मको मन बुझाउने ठाउँ हो । त्यसबाहेक राजेश श्रेष्ठको छायांकनले केही ठाउँमा मन अडाउँछ । तर उनले यही लोकेसन वरपर अरु नै फिल्मका लागि धेरै राम्रा दृश्य खिचिसकेका छन् । तिनको तुलनामा चाहिँ यो फिल्मको छायांकन पनि सामान्य हो ।

फिल्मको सेट निर्माण, डिजाइन र ड्रेस औसत छन् । ट्रान्जिसनमा आउने भीएफएक्स गरिएको दरबार जति आकर्षक छ, दरबारको इन्डोर त्यति नै कमजोर । पुराकालकी युवती चिटिक्क र सग्ला र लामा नङमा देखिनु डिटेलिङमा समस्या हो । डिटेलिङसँगै पर्दामा देखाउनुपर्ने दृश्य संवादको भरमा बुझाउन खोज्नु पनि उत्तिकै समस्या हो । खजाकले सात गाउँमाथि अत्याचार गरेको बारम्बार भनिन्छ, तर के अत्याचार गरेको ? देखिन्न । त्यसो त फिल्ममा सात गाउँ नै पनि देखिन्न ।

फिल्ममा बेलाबखत देखा परेर प्रेमसँग फाइट खेल्ने नकाबधारीको उद्देश्य पनि स्पष्ट छैन । नगदको कारोबार नै नहुने समयमा बड्याङ बड्याङ पड्किने भरुवा बन्दुक त्यो अनकन्टार ठाउँमा कसरी पुग्यो होला भन्ने प्रश्न पनि दिमागमा बेलाबखत आइरहन्छ । हिमाल केसीले कम्पोज गरेका द्वन्द्वका दृश्य पनि औसत छन् । फिल्ममा असंगत कुराको सूची लामै छ । तर असंगतको सूचीमा सबैभन्दा दिग्दार लाग्ने संवाद छ, बलात्कारको । सुनील थापाको मुखबाट सानी बच्चीलाई दुई दिनदेखि बलात्कार गरिरहेको संवाद बोलाइएको छ जुन फिल्मको सबैभन्दा 'उफ !' लाग्ने दृश्य हो ।

यो फिल्ममा केही चिज धापलायक छ भने त्यो निर्माता सन्तोष सेन र टिमको त्यो अप्ठेरो भूगोलमा फिल्म खिच्ने समर्पण हो । दर्शकलाई नयाँ चिज दिन खोज्ने उनको प्रयास पनि स्तुत्य नै मान्नुपर्छ तर कमजोर कथा र पटकथाको भरमा यो कुरा प्राप्त गर्न खोज्दा फिल्मकै कसीमा भने 'प्रेमगीत ३' कमजोर बनेको छ । योबाहेक विश्व बजारमा नेपाली फिल्मलाई लैजाने सन्तोष सेन र टिमको पुनित उद्देश्यका लागि पनि यो फिल्म स्मरणीय रहनेछ तर यत्तिको हल्लाखल्ला र धुमधडाकापछि कम्तीमा आफ्नै मौलिक कथा त्यो बजारमा लिएर जान पाएको भए, असफल नै भए पनि बेग्लै मजा आउँथ्यो । कमसेकम 'अगले दफा खुदका कुछ लेके बलिउड आना' त सुन्न पर्दैनथ्यो । (साभार: इकागज

# सीलाई पुटिनसँगको दोस्ती महंगो परेकै हो ?



गिडियन राकमन

रुसले युक्रेनमाथि आक्रमण सुरु गर्नुभन्दा तीन साताअघि फेब्रुअरी ४ का दिन भ्लादिमिर पुटिन र सी चिनफिङबीच बेइजिङमा भेट भयो । त्यसपछि दुई नेताले संयुक्त वक्तव्य जारी गर्दै रुस र चीनबीचको मित्रताको 'कुनै सीमा नभएको' घोषणा गरे ।

सात महिना बित्यो । सायद ती शब्दप्रति सी पछुतो मानिरहेका होलान् । उज्बेकिस्तानमा सांघाइ कोअपरेसन काउन्सिलको बैठकअघि सीसँगको भेटमा बोल्दै पुटिनले युक्रेन युद्धसम्बन्धी चीनले उठाएका 'प्रश्न र चासोहरुलाई' सम्बोधन गर्ने बाचा गरे ।

त्यो चासो के थियो, न पुटिन न सीले नै सार्वजनिक रुपमा चर्चा गरे । तर, त्यसको अनुमान गर्न उति कठिन छैन । युद्धले रुसलाई कमजोर पारिदिएको छ, युरेसियालाई अस्थिर तुल्याइदिएको छ र पश्चिमा गठबन्धनलाई बलियो बनाइदिएको छ । बेइजिङको आँखाबाट हेर्दा यी कुनै पनि नतिजा राम्रो होइन ।

फेब्रुअरी ४ को वक्तव्यले के स्पष्ट पारेको थियो भने विश्वमा अमेरिकी नेतृत्वप्रतिको साझा शत्रुता नै रुस-चीन मित्रताको आधार हो । युक्रेनमाथि रुसको शीघ्र विजय- त्यो पनि अफगानिस्तानबाट भद्रगोलपूर्वक अमेरिका फर्केको केही महिनामै- अमेरिकाको प्रतिष्ठा र शक्तिमाथि अर्को निकै ठूलो धक्का हुने थियो । त्यो नतिजाले बेइजिङलाई फाइदा पुग्ने थियो । र, सायद ताइवानमाथि चिनियाँ आक्रमणको वातावरण पनि तयार गर्ने थियो ।

तर, त्यसविपरीत युक्रेनको द्वन्द्व लम्बिएर गयो । अझ रुस पराजित हुने सम्भावना समेत देखिँदैछ । यो चीनका लागि गम्भीर रणनीतिक धक्का हो । इन्टरनेसनल इन्स्टिच्युट फर स्ट्राटेजिक स्टडिजका नाइजल गुल्ड डेविस भन्छन्, 'चीन बेखुसी हुने पर्याप्त कारणहरु छन् ।'

यसको सबैभन्दा ठोस कारण भनेको रुस चीनको सबैभन्दा महत्वपूर्ण अन्तर्राष्ट्रिय साझेदार हो । यी दुई मुलुक औपचारिक सन्धिमार्फत रक्षा साझेदार बनेका होइनन् । तर, अन्तर्राष्ट्रिय मञ्चहरुमा उनीहरु एकअर्कालाई भरथेग गर्छन् र संयुक्त सैन्य अभ्यासहरु पनि गर्छन् । आफू राष्ट्रपति भएपछि सीले गरेको पहिलो विदेश भ्रमण मस्को थियो । सीले पुटिनलाई 'उत्तम मित्र' भनेर पुकार्ने गरेका छन् । तर, उनका ती मित्र अहिले हरुवाजस्ता देखिन थालेका छन् । र, रुससँगको मित्रता चीनका लागि लाभकारी होइन, लज्जाको विषय बन्लाजस्तो देखिन पुगेको छ ।

युक्रेनको युद्धले चीनको सबैभन्दा महत्वपूर्ण अन्तर्राष्ट्रिय साझेदार रुसलाई कमजोर त पार्यो नै । त्यसमाथि यो युद्धले पश्चिमा गठबन्धनलाई पुनर्जीवन दिन समेत महत्वपूर्ण भूमिका खेलेको छ । एक पटक फेरि अमेरिका आत्मविश्वासी र प्रभावकारी देखिन थालेको छ । यो युद्धको दिशा बदल्न अमेरिकी हतियारले सहयोग गरेको छ । मुलुकहरु नेटो गठबन्धनमा सहभागी हुन लाम लाग्दै छन् । चिनियाँ सरकारी सञ्चारमाध्यम पश्चिमको पतन हुन थालेको प्रचार गर्न मन पराउँछ । तर, अचानक पश्चिमा गठबन्धन जिउँदोजाग्दो देखिन थालेको छ । यो युद्धमा 'ग्लोबल साउथ' तटस्थ देखियो । र, कहिलेकाहीँ त रुसलाई मौन समर्थन गरेको पनि देखियो । यो तथ्यबाट बेइजिङले केही राहत महसुस गर्न सक्छ । यो कुराले अर्थ राख्छ । किनभने अफ्रिका, एसिया र अमेरिकाका मुलुकहरुको बफादारिताको संघर्ष अमेरिका-चीन प्रतिद्वन्द्विताको महत्वपूर्ण हिस्सा हो ।

तर, ग्लोबल साउथको धारणा पनि बदलिँदैछ । समरकन्दको एससीओ शिखर बैठकमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सार्वजनिक रुपमै पुटिनलाई हप्काए । उनले 'आजको युग युद्धको युग होइन' भन्दै पुटिनलाई पाठ पढाए । पुटिन खुम्चेर 'यसलाई सकेसम्म चाँडो रोक्न हामी सकेजति गर्नेछौं' भनी बाचा गर्न विवश भए ।' गतसाता राष्ट्रसंघीय महासभामा युक्रेनी राष्ट्रपति भ्लादिमिर जेलेन्स्कीलाई भर्चुअल सम्बोधनको अनुमति दिने पक्षमा अरु सय मुलुकसँगै भारत पनि मतदानमा सहभागी भयो । रुसको पक्षमा मात्र ६ मुलुक उभिए । चीन अनुपस्थित रह्यो ।

स्वदेश र विदेशमा पनि स्थिरता कायम राख्ने इच्छा व्यक्त गर्न सी मनपराउँछन् । तर, यो युद्धले समग्र युरेसियामा अस्थिरताको सुरुवात गरिदिएको छ । भर्खरै मात्र अजरबैजानले अर्मेनियामाथि आक्रमण गरेको छ । अर्मेनिया रुसको सहयोगी मुलुक हो । किर्गिजस्तान र ताजिकिस्तानबीच पनि लडाइँ सुरु भएको छ ।

रुस अत्यन्त कमजोर र लज्जित भए त्यो चीनका लागि उति कामलाग्दो साझेदार रहँदैन । त्यसमाथि युद्धको नतिजा अझै देखिन बाँकी नै छ । पुटिनको पतन हुने हो र उनलाई पश्चिमा समर्थक सरकारले विस्थापित गर्ने हो भने त्यो बेइजिङका लागि सबैभन्दा नराम्रो नतिजा हुन जान्थ्यो । तर, त्यो अत्यन्त कठिन छ । तैपनि असम्भव नै भने छैन ।

हो, रुस कमजोर हुँदा चीनलाई केही फाइदा अवश्य हुन्छ । मस्को अहिले आर्थिक रुपले झनझन् बेइजिङमा निर्भर हुँदै गएको छ । चीनसँग व्यापारिक लेनदेन गर्न कठिन रहेको हालै पुटिनले बताएका छन् । उनले भनेका छन्, 'हाम्रा चिनियाँ मित्रहरु निकै अप्ठेरा सौदागर हुन् ।' वासिङ्टनका केही विश्लेषक त अझ एक कदम अघि बढेर युक्रेन युद्धले मस्कोलाई स्थायी रुपले बेइजिङको अँगालोमा धकेल्ने तर्क गर्छन् । अर्कोतिर, यसले चीनलाई टक्कर दिने कुरामा सम्पूर्ण ध्यान केन्द्रित गर्नबाट अमेरिकालाई विचलित तुल्याउने पनि उनीहरुको भनाइ छ ।

यस्तो सोच राख्नेहरुको तर्क छ- शीतयुद्धको सबैभन्दा महत्वपूर्ण मोड १९७१ थियो । जतिबेला निक्सन र किसिन्जरले चीनसँग सम्बन्ध राख्ने निर्णय लिएका थिए । अहिले त्यसको ठिक विपरीत काम भइरहेको र चीन तथा रुसको गठबन्धन बलियो हुँदै गएको चिन्ता ती विश्लेषकहरुलाई छ । तर, यो तर्कमा एउटा कमजोरी छ । यो तर्कले महाशक्तिहरुलाई रणनीतिक चेसबोर्डमा रहेका समान हैसियतको गोटी मान्छ ।

यथार्थ के हो भने रुस र चीनले अनौपचारिक गठबन्धन बनाए किनकि उनीहरुको विश्वदृष्टिकोणमा थुप्रै कुरा समान छन् । यी दुई मुलुकमध्ये एकले उछिट्टिएर अमेरिकासँग मिल्न आउने निर्णय लिने कल्पना गर्न सकिन्न । उनीहरुले समाधान गर्न खोजिरहेको समस्या भनेकै अमेरिका हो ।

तर, फेब्रुअरी ४ मा घोषणा गरिएको रुस-चीन गठबन्धन धेरै हदसम्म दुई मुलुकका बाहुबली नेताबीचको व्यक्तिगत सम्झौता पनि हो । पुटिन र सीले एकअर्काको शैलीलाई राम्रोसँग मन पराए र एकअर्कालाई सम्बन्धित देशको प्रतिरुप ठाने । कार्नेगी मस्को सेन्टरका अलेक्सान्द्र गुबाएवको शब्दमा भन्नुपर्दा उनीहरु 'जार र सम्राट' हुन् ।

तर, पुटिन यतिखेर पिटर महानभन्दा निकोलस द्वितीयजस्ता देखिँदैछन् । त्यसैले, पुटिनलाई सफदयी भावले त्यसरी अँगालेकोमा सीले अहिले पछुतो मानिरहेको हुनुपर्छ ।

*(फाइनान्सियल टाइम्सबाट)*

# आफ्नै वकिलसँग डेटिङमा जोनी डीप



काठमाडौं/ हलिउड अभिनेता जोनी डीप पूर्वपत्नी एम्बर हर्डसँगको विवादले चर्चा रहे । अदालतले उनको पक्षमा फैसला पनि गर्‍यो । उनलाई न्यायिक प्रक्रियामा साथ दिने कानुन व्यवसायी क्यामिली भास्केजसँग उनको अफेयरको चर्चा पनि चल्यो ।

भास्केजसँगको अफेयरको हल्ला सेलाउन नपाउँदै डीपको रोमान्टिक जीवनलाई लिएर नयाँ खबर छ । अभिनेता डीप र अर्की कानुन व्यवसायी जोएली रिचबीच अफेयर चलिरहेको हलिउड सञ्चार माध्यमले जनाएका छन् ।

जोएली अभिनेता डीपलाई कानुनी प्रक्रियामा सघाउनेमध्येकी एक वकिल हुन् । यसअघि क्यामिलीसँग डेटिङको चर्चा चलेपछि उनले आफ्नो अफेयर अरु कसैसँग रहेको प्रष्टीकरण दिएकी थिइन् ।

यूए म्यागजिन लेख्छ, 'उनीहरुको केमेस्ट्री गज्जबको छ । उनीहरु सम्बन्धमा गम्भीर देखिन्छन् । उनीहरु वास्तविक कुराहरुसँगै अघि बढेका छन् ।' उनीहरुले रोमान्सको सुरुवातमा होटलमा डेट गरेको समेत जनाइएको छ ।

तर अधिवक्ता जोएली अभिनेत्री एम्बर हर्डसँगको न्यायिक प्रक्रियामा सामेल थिइनन् । उनी यो वर्षको सुरुवातमा भर्जिनिया अदालतमा कार्यरत थिइन् । जोनीलाई भेट्ने क्रममा जोएली विवाहित थिइन् । जोनीसँगको अफेयरमा आएपछि उनी पतिलाई डिभोर्स दिने तयारीमा रहेको जनाइएको छ । जोएलीका दुई सन्तान छन् ।

# कक्षाकोठा भन्दा खेतबारीमा धेरै भेटिन्छन् विद्यार्थी

कुश्मा/ पर्वतको फलेवास नगरपालिका-४ स्थित मुडिकुवाको एक विद्यालयमा प्राविधिक धारअन्तर्गत बालीविज्ञान विषय अध्ययन गर्ने विद्यार्थीको आकर्षण बढेको छ ।

माटेदेवल जनसहयोगी प्राविधिक तथा व्यावसायिक माध्यमिक विद्यालयमा व्यावसायिक कृषितर्फउन्मुख क्षेत्रमा बाली विज्ञान विषयमा पढाइ सुरु भएपछि विद्यार्थीको यस विषयमा रुची देखिएको छ ।

विद्यालयले कक्षा ९ देखि १२ सम्मका विद्यार्थीलाई कृषिमा आधारित शिक्षा प्रदान गर्दै आएको छ । शिक्षा मन्त्रालयबाट मान्यता प्राप्त यस विद्यालयका विद्यार्थीले पढाइ सँगसँगै आम्दानी पनि गर्दै आएका छन् । विद्यालयले २० रोपनी जग्गा भाडामा लिएर विद्यार्थीलाई व्यावहारिक शिक्षा दिँदै आएको छ ।

विद्यार्थीले बारीमा लगाएका कृषिउपज स्थानीय बजारमै खपत हुने गरेका छन् । बिक्रीबाट आएको नाफा ७५ प्रतिशत विद्यार्थीलाई उपलब्ध गराउने र २५ प्रतिशत चाहिँ विद्यालयले राख्ने गरेको छ ।

'हामीले विद्यालयबाट विद्यार्थीलाई आवश्यक पर्ने कृषि औजारदेखि बीउबिजन सबै उपलब्ध गराउँछौं', शिक्षक अजय ज्ञवालीले भने, 'विद्यार्थीले खेती उब्जाउबाट बिक्री गरेको रकमको २५ प्रतिशत हामी राख्छौं, किनभने फेरि अर्को पटक पनि लगानी गर्नुपर्ने हुन्छ ।'

विद्यार्थीहरुको धेरै समय कक्षाकोठामा भन्दा खेतबारीमै बित्ने गरेको छ । उनीहरुले विद्यालयमा अध्ययन गरेका कुरा घरमा गएर अभिभावकलाई सिकाउँछन् । परम्परागत खेती गर्दै आएका अभिभावक पनि आफ्ना छोराछोरीले सिकेको ज्ञान खेतबारीमा लगानी गर्न



सकेकामा खुसी छन् । 'घरका सबैले पुरानै तरिकाबाट कृषि गर्दै आएका थियौं, खेतबारीमा दिनै फाल्दासमेत तरकारी खेतीबाट कुनै पनि आम्दानी हुन सकेको थिएन', अभिभावक केशव तिवारीले भने, 'उही निर्वाहमुखी खेती भइरहेको थियो, एक वर्षअघिदेखि छोरीले विद्यालयमा सिकेअनुसारले खेती गर्न थालेका छौं, उत्पादन पनि बढेको छ, धेरथोर बजारमा पनि बिक्री गर्न सकेका छौं ।'

विद्यार्थी गाउँमै बाली विज्ञान पढ्न पाएकामा खुसी छन् । प्राविधिक विषय पढेपछि बेरोजगार हुन पर्दैन भन्ने विश्वास विद्यार्थीमा देखिन्छ । 'मेरो सानैदेखि कृषि रुचिको विषय हो', कक्षा १० अध्ययनरत विद्यार्थी रञ्जिता भुजेलले भने, 'सानैदेखि घरमा बुवाआमासँगै खेतबारीमा जाने उहाँहरुलाई सघाउने गर्थे । सहरमा महँगो शुल्क तिरेर पढ्नुपर्ने विषय गाउँमै निःशुल्क पढ्न पाएकामा खुसी छु ।'

अर्का विद्यार्थी प्रदीप भुसालले कृषि पढेपछि जागिर पाउन मुस्किल नहुने र आफ्नै जग्गामा व्यावसायिक खेती गर्न पनि सकिने भएकाले बाली विज्ञान पढेको बताए । 'धेरै पालिकामा कृषि पढेका जनशक्ति चाहिने रहेछ', उनले भने, 'अन्य विषय पढेर शैक्षिक बेरोजगार बन्नुभन्दा कृषि पढेर आफ्नै घरगाउँमा नै आत्मनिर्भर भएर काम गर्न ठीक लाग्यो ।' विसं २०१७ मा स्थापना भएको विद्यालयले २०७० सालदेखि प्राविधिकतर्फ बाली विज्ञान विषय पढाउन सुरु गरेको थियो । सुरुआतका दिनमा अभिभावक र विद्यार्थीलाई बाली विज्ञानका बारेमा बुझाउन ज्यादै मुस्किल भएको विद्यालयको अनुभव छ ।

'पहिलो वर्ष कृषि पढ्न चाहने विद्यार्थी पाउन नै मुस्किल भयो', विद्यालयका प्रधानाध्यापक रामप्रसाद रिजालले भने, 'हामीले दुई/तीन वर्ष चाहिँ कृषि विषयको महत्वका बारेमा बुझाउन घरदैलो गर्नुपर्‍यो, कहिलेकाहीँ त प्राविधिक शिक्षा पढाइ सुरु गरेर साँच्चीकै गल्ती गर्‍यौं कि भन्ने पनि लाग्यो, अहिले भने अभिभावक आफैं छोराछोरी भर्नाका लागि विद्यालय आउने गर्नुभएको छ ।'

विद्यालयले प्राविधिक तथा व्यावसायिक पढाइ सञ्चालनका लागि खर्च जुटाउन महायज्ञ गरेको थियो । अहिले विद्यालयसँग आफ्नै भवन, प्रयोगशाला, खेतीका लागि जमिन र छात्राबास पनि रहेको छ । प्रधानमन्त्री कृषि आधुनिक परियोजना कार्यान्वयन इकाइ धानजोन बागलुङ र विद्यालयको साझेदारीमा च्याउ टनेल, माछापोखरी, प्लास्टिक पोखरी निर्माणलगायतका संरचनासमेत विद्यालय परिसरमा बनेका छन् ।

'टाढाबाट आउने विद्यार्थीका लागि बस्ने समस्यालाई मध्यनजर गरेर आफ्नै होस्टेल निर्माण गर्‍यौं', प्रअ रिजालले भने, 'चमेनागृह पनि सञ्चालनमा ल्याएका छौं । होस्टेलमा बस्ने विद्यार्थीले साँझ र बिहान खानाको मासिक तीन हजार ५०० तिरे मात्र पुग्छ, बस्नका लागि कुनै शुल्क लाग्दैन ।'

नेपाल सरकारले यस विद्यालयलाई नमूना विद्यालयका रुपमा राखेको छ । 'नमूना विद्यालयमा परेपछि सरकारबाट उपलब्ध हुने सेवासुविधाका कारण सहज भएको छ', उनले भने, 'अहिले सरकारी अनुदानमा नौ बालीविज्ञान पढाउने शिक्षक छन् । भौतिक संरचना, प्रयोगशालादेखि धेरै कुरामा आत्मनिर्भर बनेका छौं ।'

यस विद्यालयमा पर्वत र बागलुङका विद्यार्थी पढ्न आउँछन् । विद्यालयस्तरको पढाइ सकेपछि कोही पनि विद्यार्थी बेरोजगार बस्न नपरेको विद्यालयका शिक्षक केदार सापकोटाको अनुभव छ । उनका अनुसार अहिलेसम्म यस विद्यालयबाट दुई सय बढी विद्यार्थीले अध्ययन पूरा गरिसकेका छन् । विद्यालयले भाडामा लिएको २० रोपनी जग्गामा यहाँ अध्ययनरत विद्यार्थीले च्याउ, बैमौसमी तरकारी, टमाटर, माछापालन, मौरीपालन, धान खेतीलगायतका उपज फलाउने गरेका छन् । गत वर्ष १२ कक्षा सकेका विद्यार्थीले एक वर्ष 'ओजिटी' गरेबापत सरकारले १२ हजार र आफैँले लगाएको उत्पादन बिक्री गरेबापत सात हजार रुपैयाँका दरले जम्मा १९ हजार रुपैयाँ लान सफल भएका थिए । -साभार: अनलाइन

# विराटनगरमा राष्ट्रिय खेलकुद ट्रफी टुर



विराटनगर/ राष्ट्रिय खेलकुदको ट्रफी टुर अन्तर्गत शनिबार प्रदेश नं १ को राजधानी विराटनगरमा शनिबार गरिएको छ । विराटनगर स्थित शहिद रंगशालामा प्रदेश १ का मुख्य मन्त्री राजेन्द्रकुमार राईले ट्रफी प्रदर्शन गरेका थिए ।

राष्ट्रिय खेलकुदको नवौं संस्करण गण्डकी प्रदेशमा असोज २८ गते देखि कात्तिक ३ गते सम्म सञ्चालन हुनेछ । राष्ट्रिय खेलकुदको ट्रफी टुर पहिलो पटक गरिएको हो । ट्रफी प्रदर्शनी गर्दा ट्रफी टुर कार्यदलका संयोजक ओलम्पियन दीपक विष्ट तथा सदस्य नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघका अध्यक्ष दीपक श्रेष्ठ, राष्ट्रिय महिला भलिबल टिमकी कप्तान अरुणा शाही र अल्ट्रा धाविका मिराको पनि उपस्थिति थियो ।

ट्रफी प्रदर्शनीका क्रममा खेलाडीका लागि प्रदेश सरकारले कन्जुन्साइ नगर्ने उल्लेख गर्दै नवौं राष्ट्रिय खेलकुद सफलताका लागि प्रदेश टोलीलाई शुभकामना दिए । प्रदेश १ का सामाजिक तथा खेलकुद मन्त्री राजन राईले नवौ राष्ट्रिय खेलकुदमा पदक विजेता खेलाडीलाई विगतमा भन्दा पुरस्कार रकम बढ्ने जानकारी दिए । प्रदेश खेलकुद विकास बोर्डका सदस्य सचिव हंसराज वाग्लेले ३५ खेलमा ७ सय ६ खेलाडी तथा प्रशिक्षक र व्यवस्थापक गरि ८ सय २० जनाको सहभागिता रहने जानकारी दिए । भदौ २८ गतेदेखि असोज ८ गते सम्म भएको प्रदेश छनोटमा ४ हजार १ सय ५२ खेलाडीको सहभागिता रहेको वाग्लले बताए ।

ट्रफीलाई असोज ९ गते सशस्त्र प्रहरी बल (एपीएफ) को हल्चोकस्थित मुख्यालय, असोज ११ गते कर्णाली प्रदेशको सुर्खेत र असोज १३ गते मधेश प्रदेशको रामजानकी मन्दिर पुर्‍याइने छ । अन्तिममा ट्रफीलाई राष्ट्रिय खेलकुदको मुख्य आयोजना स्थल पोखरामा पुर्‍याइने छ । नवौं राष्ट्रिय खेलकुद असोज २८ देखि कात्तिक ३ गतेसम्म हुँदै छ ।

यसअघि ट्रफीलाई सुदूर पश्चिमको धनगढी, लुम्बिनी प्रदेशको बुटवल र बागमती प्रदेशको हेटौंडा, नेपाली सेना र नेपाल प्रहरीको मुख्यालयमा प्रदर्शन गरिएको थियो । नवौं राष्ट्रिय खेलकुदमा सात प्रदेश, तीन विभाग र एनआरएनए गरि ११ टोलीका खेलाडीको सहभागिता रहनेछ । यसपटक ३६ प्रतिस्पर्धात्मक र २ प्रदर्शनी खेल समावेश गरिने राखेपले यसअघि नै घोषणा गरिसकेको छ । -साभार: हाम्रो खेलकुद

# अमेरिकामा नेपाली भाषीको फुटबल उत्सव सुरु

काठमाडौं/ अमेरिकावासी नेपाली भाषी समुदायका लागि फुटबल खेलको महोत्सव अमेरिकाको ओहायो राज्यस्थित सिनसिनाटी सहरमा शुक्रबारदेखि सुरु भएको छ ।

'इन्ट्रा नेशनल वेलफेयर एण्ड सपोर्ट फाउण्डेसन'ले आयोजना गरेको सो प्रतियोगिताको उद्घाटन शुक्रबार राति फाउण्डेसनका अध्यक्ष डिल्ली अधिकारीले एक समारोहबीच गरे । प्रतियोगितामा भाग लिन अमेरिकामा बसोबास गर्ने नेपाली भाषी हुनुपर्ने प्रावधान राखिएको छ ।

तीन दिनसम्म जारी रहने सो उत्सवमा अमेरिकाका विभिन्न राज्यबाट ३८ फुटबल टिमको सहभागिता रहेको छ । युवा, महिला र ३५ वर्षमाथि उमेर समूहका भेट्रानका भिन्नभिन्न टिमबीच प्रतिस्पर्धामा हुने बताइएको छ ।

सो खेलको विजेतका लागि १५ हजार अमेरिकी डलर (१९ लाख ४० हजार नेपाली रुपैयाँ) पुरस्कार राखिएको छ । उद्घाटन लगत्तै युनिक ब्वाइज फुटबल क्लब र पथरी इ वान फुटबल क्लबबीच प्रतिस्पर्धा भएको थियो । त्यसैगरी कोलम्बस स्टार फुटबल क्लब र रिबोलुसन फुटबल क्लब तथा रोयल फुटबल क्लब र सिन्सी कुल क्याट फुटबल क्लबका बीच प्रतिस्पर्धा हुने कार्यक्रम रहेको छ ।

तीन वटा फुटबल मैदानमा एकै समयमा आइएन क्रिष्ट युनाइटेड भर्सेस एरो फुटबल क्लब, मिचिगन फुटबल क्लब भर्सेस ब्लाकलिक




युनाइटेड, सांग्रिला युथ फुटबल क्लब भर्सेस नर्थ डकोटा युनाइटेड फुटबल क्लबका बीच प्रतिस्पर्धा हुने कार्यक्रम रहेको छ ।

त्यसैगरी रोही कोलम्बस फुटबल क्लब भर्सेस एफसी युनाइट, इन्ट्रा फुटबल क्लब भर्सेस बेलडागी युथ फुटबल क्लब, एफसी नाइट भिजन भर्सेस बिवाइएससी, चुके फुटबल क्लब भर्सेस युनाइटेड ओन्टारियो फुटबल क्लब, टिमाइ स्क्वाड भर्सेस एफसी ओरेञ्ज, भरमण्ट एघार भर्सेस पीस जोन स्पोर्टिङ अफ बिसिएएका बीच रोचक प्रतिस्पर्धा हुँदैछ ।

भेट्रानतर्फको खेलमा ह्यारिसवर्ग भेट्रान्स भर्सेस एक्रन भेट्रान्स, सिन्सी इन्ट्रा भेट्रान्स भर्सेस मिनिसोटा भेट्रान्स, सिन्सी येल भेट्रान्स भर्सेस कोलम्बस इन्ट्रा भेट्रान्स, रिभाइभल भेट्रान्स भर्सेस् हिलसिटी भेट्रान्सका बीच पनि प्रतिस्पर्धा हुने तालिका रहेको थियो ।

युवाका २६ वटा टिम सहभागी रहेकाले यो समूहको खेल नकआउट विधिबाट गरिएको खेल आयोजक समितिका संयोजक राजन चुहानले बताए ।

भेट्रान्सतर्फ आठ वटा टिम र महिलातर्फ चार वटा टिम सहभागी छन् । महिला टिमबीच हुने प्रतिस्पर्धा भने अमेरिकी पूर्वीय समयानुसार शनिबार सुरु हुने आयोजना संयोजक चुहानले जानकारी दिए ।

खेल सुरु हुनुअघि बिहीबार साँझ सिनसिनाटीको होटल मेरियटमा खेल टिमका म्यानेजर, क्याप्टेन र कोचलाई आयोजक संस्था इन्ट्रा फाउण्डेसनले स्वागत समारोहको आयोजना गरेको थियो ।

फाउण्डेसनका प्रवक्ता केशव आचार्य र सचिव गोपाल धितालले सहभागीको स्वागत गरेका थिए भने गायक तथा सङ्गीतकार केशव पौडेलले तयार गरेको इन्ट्राको खेल गीत पनि पहिलोपल्ट सार्वजानिक गरिएको थियो । विभिन्न चरणमा खेल भई फाइनलमा पुग्न सफल टिमका बीच सेप्टेम्बर २५ मा अन्तिम प्रतिस्पर्धा हुने कार्यक्रम तय भएको छ । -रासस


## जनहितमा जारी सूचना

तपाईको घर वा परिवारमा हुने गरेका जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद लगायतका घटनाहरु समयमै सम्बन्धित वडा कार्यालयहरुमा गई दर्ता गराउन हुन समस्त वडाबासीमा अनुरोध गर्दछौं ।


प्रितिलाल लामा (अध्यक्ष)
३ नम्बर वडा कार्यालय,
**भीमफेदी गाउँपालिका**

## जनहितमा जारी सूचना

तपाईको घर वा परिवारमा हुने गरेका जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद लगायतका घटनाहरु समयमै सम्बन्धित वडा कार्यालयहरुमा गई दर्ता गराउन हुन समस्त वडाबासीमा अनुरोध गर्दछौं ।

सागर पाण्डे (अध्यक्ष)
४ नम्बर वडा कार्यालय,
**भीमफेदी गाउँपालिका**

## जनहितमा जारी सूचना




मनहरी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
मकवानपुर

## जनहितमा जारी सूचना

१) सहभागितामूलक, समावेशी तथा साझेदारीपूर्वक विकास निर्माण, स्वच्छ, निष्पक्ष तथा सुशासनयुक्त कार्यशैली हाम्रो अभियान ।
२) जेष्ठ नागरिक, एकल महिला, अपांग र अशक्त नागरिकप्रति जिम्मोवारी बनौ ।
३) व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद बसाइसराई) सम्बन्धी वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौ ।
४) आफ्नो वरिपरी गाउँ/टोल वा अन्य निकायबाट भएको विकास निर्माण सम्पन्न गर्ने कार्यको निगरानी गरौं ।
(५) आफ्नो घर वरपर बोट बिरुवा रोपी हरियाली बनाऔं । निर्धारितमापदण्ड भए नभएको अनुगमन गरी मापदण्ड विपरित भएकोपाइएमा समयमै सम्बन्धित निकायमा खबर गरौं ।
६) बालश्रम, बल शोषण, बाल विवाह रोकौं ।

सोमबहादुर घलान (अध्यक्ष)
६ नम्बर वडा कार्यालय,
**भीमफेदी गाउँपालिका**

## जनहितमा जारी सूचना

तपाईको घर वा परिवारमा हुने गरेका जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद लगायतका घटनाहरु समयमै सम्बन्धित वडा कार्यालयहरुमा गई दर्ता गराउन हुन समस्त वडाबासीमा अनुरोध गर्दछौं ।

मित्रबन्धु सिञ्जाली (अध्यक्ष)
७ नम्बर वडा कार्यालय,
**भीमफेदी गाउँपालिका**

# हेटौंडा-३ मा नि:शुल्क अंग्रेजी माध्यमबाट शिक्षा

साझाकुरा संवाददाता

हेटौंडा, ९ असोज/ हेटौंडामा नाम चलेका सामुदायिक विद्यालयहरुले अंग्रेजी माध्यमबाट पढाउन कानुनविपरित शुल्क लिएपनि हेटौंडा-३ का सामुदायिक विद्यालयमा भने नि:शुल्क पढाइने भएको छ ।

अभिभावकहरुको ढाड सेक्ने गरी कानुनविपरित अंग्रेजी माध्यमबाट पठनपाठन गराउने नाममा शुल्क लिएका नगरको मुख्य बजार क्षेत्रकै विद्यालयलाई पाठ सिकाउने गरी ३ नम्बर वडाका अध्यक्ष ढलकबहादुर थापाको पहलमा सामुदायिक विद्यालयहरुले नि:शुल्क पढाउने भएका हुन् । हेटौंडा-३, स्थित बसामाडीमा रहेका सामुदायिक विद्यालयहरुले अंग्रेजी माध्यममा नि:शुल्क रुपमा पढाउन सुरु गरेका हुन् । वडा शिक्षा समन्वय समितिले नि:शुल्क रुपमा अंग्रेजी माध्यममा शिक्षा प्रदान गर्ने व्यवस्था मिलाएसँगै आइतबारबाट सामुदायिक विद्यालयहरुले पठनपाठन सुरु गरेको वडा अध्यक्ष थापाले जानकारी दिए ।




स्थानीय बाल उज्जवल मावि र महेन्द्र किरण माविको कक्षा १ बाट अभियान सुरुवात गरिएको छ । शिक्षा समन्वय समितिले वडा कार्यालयको पहलमा हेटौंडा उपमहानगरपालिका र युनिलिभर नेपाल लिमिटेडसँगको सहकार्यमा पाँच वर्षभित्र कक्षा ५ सम्म नि:शुल्क रुपमा अंग्रेजी माध्यमबाट शिक्षा दिने व्यवस्था गर्ने जनाएको छ ।

हेटौंडा उपमहानगर पालिकाका उपमेयर राजेश बानियाँले आइतबार अभियानको उद्घाटन गरे । बानियाँले शिक्षा क्षेत्रको विकासमा उपमहानगरले सक्दो सहयोग गर्ने बताएका छन् । पहिलो प्राथमिकतामा शिक्षा क्षेत्रलाई लिएको उपमहानगरले गुणस्तरीय शिक्षामा जोड दिँदै आएको बानियाँले बताए ।

शिक्षा समन्वय समितिले कक्षा १ मा अध्ययनरत् ७० जना विद्यार्थीलाई एकवर्षका लागि आवश्यक पर्ने किताबसहित सम्पूर्ण स्टेशनरी सामग्री, ड्रेस, ट्र्याकसुट र ब्यागको व्यवस्था गरेको छ । वडा अध्यक्ष थापाका अनुसार सम्पूर्ण विद्यार्थीलाई अंग्रेजी माध्यमबाट नि:शुल्क रुपमा शिक्षा प्रदान गर्ने गरी तयारी गरिरहेको छ । जसका लागि दाताको खोजी कार्य भइरहेको बताए । आगामी वर्षबाट २ कक्षासम्म नि:शुल्क शिक्षाको व्यवस्था गर्ने गरी तयारी गरेको समिति सदस्य टेकनाथ शिवाकोटीले बताए । अभियानको उद्घाटन समारोहमा विद्यार्थीहरुले आफ्नो कला, सांस्कृति झल्किने प्रस्तुत दिएका थिए ।

## हुप्रचौरमा आज पेनाल्टी सुटआउट प्रतियोगिता



साझाकुरा संवाददाता

हेटौंडा, ९ असोज/ नेपाल खेलकुद महासंघ समाजवादी मकवानपुरको आयोजनामा आज सोमबार हेटौंडा-४, हुप्रैचारमा पेनाल्टी सुटआउट प्रतियोगिता हुँदैछ ।

विश्वमा सबैभन्दा धेरै रुचाइएको खेल फुटबलको रोमाञ्चक पक्ष मानिने पेनाल्टी सुटआउटलाई प्रतियोगिताको रुपमा हेटौंडामा पहिलो पटक गरिँदै छ । प्रतियोगितामा निर्धारित ९० मिनेटको खेल भने हुँदैन् । प्रतियोगिताअन्तर्गत् सुरुवातमै ५ जनाले पेनाल्टी प्रहार गर्नेछन् । नकटआउट चरणमा खेलाइने खेलमा पेनाल्टी खेल्दै फाइनल पुग्नेले उपाधि स्वरुप नगद पुरस्कार पाउने प्रतियोगिताका संयोजक निरज सिंह ठकुरीले जानकारी दिएका छन् ।

प्रतियोगितामा टिम दर्ता गर्ने अन्तिम समय ९ असोजसम्म २० वटा टिमले सहभागिता लिने टुंगो लागेको ठकुरीले जानकारी दिए ।

खेलमा मनोरञ्जनसँगै आपसी भाईचारा र सद्भाव स्थापित होस भन्ने उद्देश्यले प्रतियोगिता गर्न लागेको ठकुरीले बताए । हुप्रचौरमा बिहानैदेखि पेनाल्टी सुरु हुने ठकुरीले बताए । एक समूहमा ६ जना खेलाडी रहने छन् । प्रतिस्पर्धामा दुवै समूहबाट बराबर गोल भए सडनडेथमा जाने जनाइएको छ । खेलको विजेताले ३३ हजार ३ सय ३३ रुपैयाँ र दोस्रो हुनेले २२ हजार २ सय २२ रुपैयाँ नगद पुरस्कार पाउने ठकुरीले जानकारी दिए । महासंघले पेनाल्टी सुटआउट प्रतियोगितालाई हरेक आगामी वर्ष पनि निरन्तरता दिने भएको छ ।

टिममा महिला पुरुष दुवै समावेश भएर खेल्न सकिने जनाइएको छ । सोमबार एकैदिन प्रतियोगिता सकाइने ठकुरीले जानकारी दिए । 'पेनाल्टी सुटआउटलाई धेरै समय लाग्दैन् । सोमबार नै फाइनल खेलाएर पुरस्कार पनि वितरण गर्छौं,' ठकुरीले भने । नेपालमा हरेक वर्ष धनगढीमा पेनाल्टी सुटआउट प्रतियोगिता आयोजना हुँदै आएको छ । धनगढीको रंगशालामा रातको १२ बजे प्रतियोगिता गराइन्छ । तर, हेटौंडामा बत्तिको समस्याले दिउसै खेलाउन लागिएको ठकुरीले बताए ।

## कर्रा चोकमा कुकुरको उपचार



हेटौंडा उपमहानगरपालिका-४ कर्रा चोकमा करिब ५० वटा कुकुरलाई रेबिजर लुतोविरुद्धको भ्याक्सिन लगाउँदै शरिरमा भएका घाउहरुको सरसफाईसँगै उपचार गरिएको छ । स्थानीय निरज सिंह ठकुरीका अनुसार कर्रा चोकमा कर्रा युवा क्लब, दाह्री ग्याङ र भेटेनरियन समूह हेटौंडाको संयुक्त प्रयासमा भ्याक्सिन लगाइएको हो । सीमित भ्याक्सिनका कारण ४ नम्बर वडाका अधिकांश क्षेत्रमा रहेका कुकुरमा भ्याक्सिन लगाउन नसकिएको ठकुरीले जानकारी दिए । उनका अनुसार थप भ्याक्सिनको उपलब्धतासँगै ४ नम्बर वडाका सबै क्षेत्रका कुकुरलाई भ्याक्सिन लगाइने भएको छ । बिहान र राती हिँडुद कुकुरले दु:ख दिइरहेको ठकुरीले बताए । हेटौंडामा पछिल्लो समय कुकुरहरुको संख्या अत्याधिक बढेको छ । यसअघि उपमहानगरपालिकाले कुकुरहरुको बन्ध्याकरण गर्ने अभियान नै चलाए पनि हाल उक्त कार्यक्रम रोकिएको छ । अत्याधिक कुकुरका कारण नगर क्षेत्रभित्र राती र बिहान हिँड्डुल गर्ने पैदल यात्रु सास्ती भोग्दै आएका छन् ।

# हेटौंडामा एनएस १२५ सीसी बाइक २४ घण्टा टिकेन

साझाकुरा संवाददाता

हेटौंडा, ९ असोज/ बजाज कम्पनीको पल्सर एनएस १२५ सीसीको मोटरसाइकल हेटौंडामा २४ घण्टा पनि नटिकेको जनाइएको छ ।

बजाजले एनएसमा ल्याएको नयाँ मोटरसाइकल हेटौंडा-१० टिसिएन रोडस्थित सोरुममा झारेको २४ घण्टापनि भएको थिएन् । हेटौंडामा आइतबार मात्रै एनएस १२५ सीसी लन्च गरिएको थियो । हेराइज अटो प्रालिका सञ्चालक लालकाजी रत्न बज्राचार्यकाअनुसार एनएस १२५ सीसीको उक्त मोटरसाइकल शनिवार मात्रै हेटौंडा आइपुगेको थियो ।



उक्त मोटरसाइकल सोरुमले 'शो पिस' (देखाउन) मात्रै ल्याएको बज्राचार्य बताउँछन् । तर, आइतबार मोटरसाइकल खरिद गर्न पुगेका हेटौंडा-१८ हर्नामाडीका विवेक पराजुलीले एनएस १२५ मोटरसाइकललाई मन पराएपछि 'शो पिस'का लागि ल्याएपछि बिक्री गरेको बज्राचार्यले बताए ।

'एनएस १२५ सीसीको मोटरसाइकल राम्रो भएकोले ग्राहले पछि लिन पनि मान्नु भएन । शो पिसलाई राखिएको मोटरसाइकल नै बिक्री गरेर पठायौं,' उनले भने । बज्राचार्यले आइतबार एकैदिन एनएस १२५ सीसीको मोटरसाइकल ३ वटा बुक भइसकेको जानकारी दिए । नेपालमा सर्वाधिक बिक्री हुने दुई पांग्रे सवारीमध्ये बजाज कम्पनीको पल्सर मोटरसाइकल पर्छ । भारतीय बजारमा एक प्रतिक्षित मोटरसाइकलको रुपमा हेरिएको पल्सर एनएस १२५ लाई नेपालमा पनि अत्याधिक रुचाइएको बज्राचार्य बताउँछन् । स्पोर्टी लुक्स र दमदार (परफर्मेन्स)का कारण खास गरी युवा पुस्तामा बजाज कम्पनीको पल्सर लोकप्रिय छ ।

पोल्याण्डमा लन्च भएको यो मोटरसाइकलको मूल्य नेपालमा २ लाख ७९ हजार ९ सय रुपैयाँ रहेको बजाज कम्पनीले जानकारी दिएको छ । यो मोटरसाइकलमा १२४ दशमलव ४५ सीएम क्यूब (सीसी) क्षमताको सिंगल सिलिण्डर फ्यूल इन्जिक्टेड इन्जिन प्रयोग गरिएको छ । उक्त इन्जिनले ८ हजार ५ सय आपीएममा १२ हर्ज पावरको म्याक्सिम पावर जेनेरेट गर्नेछ । मोटरसाइकलको इन्जिनमा ५ ओटा गियर बक्स उपलब्ध हुनेछन् । मोटरसाइकलमा १० दशमलव ५ लिटर क्षमताको पेट्रोल ट्यांकी उपलब्ध रहेको जनाइएको छ ।


## पसल बिक्रीमा

स्कुलरोडमा चालु अवस्थामा रहेको अति व्यस्त कपडा पसल विशेष कारणले बिक्रीमा ।

फोन नं.: ९८४५४८७२३२


## जनहितमा जारी सूचना

तपाईको घर वा परिवारमा हुने गरेका जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद लगायतका घटनाहरु समयमै सम्बन्धित वडा कार्यालयहरुमा गई दर्ता गराउन हुन समस्त वडाबासीमा अनुरोध गर्दछौं ।

सुकराम केसी (अध्यक्ष)
९ नम्बर वडा कार्यालय,
हेटौंडा उपमहानगरपालिका

## जनहितमा जारी सूचना

१) सहभागितामूलक, समावेशी तथा साझेदारीपूर्वक विकास निर्माण, स्वच्छ, निष्पक्ष तथा सुशासनयुक्त कार्यशैली हाम्रो अभियान ।
२) जेष्ठ नागरिक, एकल महिला, अपांग र अशक्त नागरिकप्रति जिम्मोवारी बनौ ।
३) व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद बसाइसराइ) सम्बन्धी वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं ।
४) आफ्नो वरिपरी गाउँ/टोल वा अन्य निकायबाट भएको विकास निर्माण सम्पन्न गर्ने कार्यको निगरानी गरौं ।
(५) आफ्नो घर वरपर बोट बिरुवा रोपी हरियाली बनाऔं । निर्धारितमापदण्ड भए नभएको अनुगमन गरी मापदण्ड विपरित भएकोपाइएमा समयमै सम्बन्धित निकायमा खबर गरौं ।
६) बालश्रम, बल शोषण, बाल विवाह रोकौं ।

बकैया गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बकैया, मकवानपुर


## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

### VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.






गोर्खाली ट्रेड एण्ड सप्लायर्स
हेटौंडा-४, रजतजयन्ती, फोन: ९८०२९००३१६, ९८०२६३१६६४





## बागमती गाउँपालिकाको अत्यन्त जरुरी सूचना

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो ।
बाल विवाह गर्ने, गराउन र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।
बालबालिकालाई विवाह होइन,
शिक्षा प्रदान गरौं ।

| मुलुकी अपराध संहिता २०७४ | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १७३) | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म गरिवाना हुनेछ । |
| विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन । | |

बागमती गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
मकवानपुर


प्रोपाईटर: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२




हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।





साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना